काठमाडौं जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री अशोककुमार बस्नेत

फैसला

मुद्दा नं.:- ०८२-CP-५१७६

र.नं. :-३९-०८२-१७०२२

दायर मितिः-२०८२।१०।१३

फैसला मितिः-२०८३।०४।२०

निर्णय नं.- ११

कृष्णबहादुर खत्री क्षेत्रीको छोरी, सन्तबहादुर बस्नेतको बुहारी, हरिबहादुर बस्नेतकी पत्नी महोत्तरी जिल्ला, बर्दिवास न.पा.वडा नं.५ स्थायी घर भई हाल Salmiya Block 2, Arabian Gulf Street कुवेतमा रहेकी वर्ष ४३ की कल्पना बस्नेत ----------१ वादी

विरुद्ध

सन्तबहादुर बस्नेतको छोरा महोत्तरी जिल्ला, बर्दिवास नगरपालिका वडा नं:५ बस्ने वर्ष ५१ को हरिबहादुर बस्नेत----------१ प्रतिवादी

मुद्दाः-सम्बन्ध विच्छेद।

वादीको साक्षीः X

प्रमाणः X

प्रतिवादीको साक्षीः X

प्रमाणः X

अदालतबाट बुझेको

साक्षीः- X

प्रमाणः- X

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भनी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

संक्षिप्त तथ्य

१. **फिरादपत्रः** म फिरादी कल्पना बस्नेतको विपक्षी प्रतिवादी हरिबहादुर बस्नेतसँग मिति २०५५।१०।१० गते विवाह भई हाम्रो वैवाहिक सम्बन्धबाट एकमात्र छोरा सयुष बस्नेतको जायजन्म भएको हो। विवाह पश्चात हामीहरू बीचको वैवाहिक सम्बन्ध सुमधुर रही आपसी सम्झदारीमा म वैदेशिक रोजगारको सिलसिलामा कुवेतमा काम गर्दै आईरहेको छु। म विगत निकै लामो समयदेखि निरन्तर रुपमा कुवेत मै कार्यरत रहँदै आएकोमा पति पत्नीको रुपमा रहनुपर्ने आपसी सम्पर्क, सहकार्य तथा दायित्वहरु व्यवहारिक रुपमा कायम रहन सकेनन्। यसै क्रममा विपक्षी पतिसँग ७/८ वर्षदेखि कुनै पनि प्रकारको सम्पर्क नरहेकोले हाम्रो वैवाहिक सम्बन्ध केवल कागजी रुपमा मात्र सीमित भई व्यवहारत पूर्ण रुपमा समाप्त भईसकेकोले म फिरादी विपक्षीबाट कुनै किसिमको चल अचल सम्पत्तिमा अंशको दावी नलिई हाम्रो छोराको अंश हक निज विपक्षीकै संरक्षणमा रहने गरी विपक्षी प्रतिवादीसँग कायम रहेको पति पत्नीको नाता सम्बन्ध विच्छेद गरिपाउँ भन्नेसमेत वेहोराको फिरादपत्र।

२. **प्रतिउत्तर पत्रः** प्रतिवादी हरिबहादुर बस्नेतको नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति २०८३।०१।१५ गते तामेल भएकोमा ऐनका म्यादभित्र निज प्रतिवादीले प्रतिउत्तर नफिराई शुरु म्यादै गुजारी बसेको।

अदालतको ठहर

३. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा यसमा, म फिरादी कल्पना बस्नेतको विपक्षी प्रतिवादी हरिबहादुर बस्नेतसँग विवाह भई हाम्रो वैवाहिक सम्बन्धबाट एकमात्र छोरा सयुष बस्नेतको जायजन्म भएको हो। विवाह पश्चात हामीहरु बीचको वैवाहिक सम्बन्ध सुमधुर रही आपसी सम्झदारीमा म वैदेशिक रोजगारको सिलसिलामा कुवेतमा काम गर्दै आईरहेको छु। म विगत निकै लामो समयदेखि निरन्तर रुपमा कुवेतमै कार्यरत रहँदै आएकोमा पति पत्नीको रुपमा रहनुपर्ने आपसी सम्पर्क, सहकार्य तथा दायित्वहरु व्यवहारिक रुपमा कायम रहन सकेनन्। यसै क्रममा विपक्षी पतिसँग ७/८ वर्षदेखि कुनै पनि प्रकारको सम्पर्क नरहेकोले हाम्रो वैवाहिक सम्बन्ध केवल कागजी रुपमा मात्र सीमित भई व्यवहारत पूर्ण रुपमा समाप्त भईसकेकोले म फिरादी विपक्षीबाट कुनै किसिमको चल अचल सम्पत्तिमा अंशको दावी नलिई हाम्रो छोराको अंश हक निज विपक्षीकै संरक्षणमा रहने गरी विपक्षी प्रतिवादीसँग कायम रहेको पति पत्नीको नाता सम्बन्ध विच्छेद गरिपाउँ भन्ने फिराद दावी रहेको देखियो।

४. यसमा समग्र मिसिलबाट जिल्ला महोत्तरी, बर्दिवास न.पा. वडा नं. ५ स्थायी घर भई कुवेत बस्ने वादीले जिल्ला दाङ बस्ने विकास चौधरीलाई अधिकृत वारिस दिई जिल्ला महोत्तरी बर्दिवास न.पा.वडा नं.५ बस्ने हरिबहादुर बस्नेत उपर सम्बन्ध विच्छेद गरिपाउँ भनी यस अदालतमा फिराद गरेको देखियो। यसबाट वादी प्रतिवादीको वतन जिल्ला महोत्तरी अन्तर्गत देखियो। यस्तो स्थितिमा प्रस्तुत मुद्दा हेर्ने क्षेत्राधिकार यस अदालतलाई रहेको छ छैन भनी निर्णय गरेर मात्र वादी दावीका सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

५. यसरी वादी प्रतिवादीको स्थायी वतन महोत्तरी जिल्ला अन्तर्गतको देखिएको सन्दर्भमा प्रस्तुत मुद्दा यस अदालतको क्षेत्राधिकार भित्रको हो होईन? भन्ने सम्बन्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद्-३ को समग्र कानूनी व्यवस्था हेर्दा; अंश मुद्दा बाहेकका अन्य मुद्दाहरू विवादको विषयवस्तुका आधारमा अदालतलाई क्षेत्राधिकार रहने व्यवस्था सो परिच्छेदको दफा १८ ले गरेको देखिन्छ। जसमा सम्पत्तिको जाँचबुझ गर्नुपर्ने अबस्थामा त्यस्तो सम्पत्ति रहेको जिल्ला अदालतलाई क्षेत्राधिकार रहने देखिन्छ। दफा १८ मा उल्लेख भएका अवस्थाका विवाद बाहेकका मुद्दाहरू **प्रतिवादी रहेको जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्ने** भन्ने व्यवस्था सो संहिताको दफा १९ ले गरेको देखिन्छ। जसमा लेनदेन कारोबार अन्यत्र भएको भए कारोबार भएको जिल्लामा फिराद गर्न सकिने देखिन्छ। सम्बन्ध विच्छेदको विवाद रहेको प्रस्तुत मुद्दामा वादी प्रतिवादी दुबैको स्थायी वतन महोत्तरी जिल्ला अन्तर्गतको देखिँदा उपरोक्त परिच्छेद्-३ को समग्र कानूनी व्यवस्थालाई विचार गर्दा महोत्तरी जिल्लामा बस्ने प्रतिवादीको मुद्दा हेर्न यस अदालतलाई क्षेत्राधिकार रहेको पाईएन।

६. यसै गरी सम्बन्ध विच्छेद् मुद्दाका सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को दफा ९६ मा भएको संसोधन पनि विचारणीय रहेको छ। उक्त संहिता लागू हुँदा सो दफामा सम्बन्ध विच्छेद गर्न चाहने पति पत्नीले **जिल्ला अदालतमा** निवेदन दिनुपर्ने छ भन्ने व्यवस्था रहेकोमा मिति २०७६।१।२ मा संसोधन गरी **सम्बन्धित जिल्ला अदालतमा** निवेदन दिनुपर्ने व्यवस्था गरिएको देखिन्छ। यसरी उक्त दफामा गरिएको संसोधनबाट पनि सम्बन्ध विच्छेदको निवेदन दिँदा सम्बन्धित जिल्ला अदालतमा नै दिनुपर्ने देखियो। यी वादी प्रतिवादीको स्थायी वतन महोत्तरी जिल्ला अन्तर्गत देखिएकोले काठमाडौं जिल्ला अदालतलाई सम्बन्धित जिल्ला अदालत मान्न मिलेन। अतः मुलुकी देवानी संहिता, २०७४ को दफा ९६ मा भएको संसोधनलाई विचार गर्दा पनि अन्यत्र जिल्लाका वादी प्रतिवादीको फिराद हेर्ने क्षेत्राधिकार यस अदालतलाई रहेको मान्न मिलेन।

७. क्षेत्राधिकारको प्रश्न सामान्य सिद्धान्त (General Principle) हो। क्षेत्राधिकार पक्षहरूको सहमति वा रोजाईको विषय हुदैन। क्षेत्राधिकार नभएको अदालत वा न्यायिक निकायले

गरको निर्णयमा प्रश्न उठेमा स्वतः शून्य हुन्छ। क्षेत्राधिकार र कार्यविधि छान्न वा छल्न पनि पाइदैन। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९, ५७ र १३३ मा भएको समग्र कानूनी व्यवस्थाले क्षेत्राधिकार सम्बन्धी सामान्य सिद्धान्त (General Principle) लाई अंगिकार गरेको नै देखिन्छ। सम्बन्ध विच्छेद् नितान्त व्यक्तिगत घटना भएको कारणले सम्बन्धित जिल्लामा नै फिराद गर्नुपर्ने विधायिकी मनसाय रहेको पनि देखिन्छ। अन्यत्र फिराद गरी अन्यत्रका साक्षी बुझी सम्बन्ध विच्छेद् हुने नहुने भन्नु प्राकृतिक न्यायको सिद्धान्त विपरित पनि हुन्छ। यस्तै प्रतिवादीले कानून विपरित अन्यत्र दायर भएको अदालतमा प्रतिउत्तर लिएर जानु पर्ने वाध्यता पनि हुदैन। अतः उपरोक्त कानूनी व्यवस्था र सिद्धान्तबाट पनि प्रस्तुत मुद्दा हेर्ने क्षेत्राधिकार यस अदालतलाई नरहेको स्पष्ट हुन आयो। यसै गरी यसमा वादी प्रतिवादी अंशियार नाताका देखिएका छन्। निजहरूबाट सन्तानको जायजन्म भएको पनि देखिएको छ। यस्ता व्यक्तिका बीचमा अकै अदालतमा सम्बन्ध विच्छेद गरिदिँदा बण्डा लाग्ने सम्पत्तिका हकदारलाई पनि असर पुग्न जाने तथ्य पनि विचारणीय हुँदा पनि यसरी अन्यत्र जिल्लामा सम्बन्ध विच्छेद गरिदिन उचित हुने देखिएन।

८. यसरी क्षेत्राधिकार नै नभएको अदालतबाट निर्णय गर्न नमिल्नेमा प्रस्तुत फिराद खारेज हुने वा सरुवा हुने के हो भनी हेर्दा; मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा देवानी मुद्दा सरुवा गर्ने कानूनी व्यवस्था रहेको देखिदैन। सो संहिताको दफा ५७ र १३३ मा भएको समग्र व्यवस्थालाई मनन गर्दा हदम्याद नजाने भएको र यसमा पेश भएको अधिकृत वारिसनामा नै प्रयोग गरी सम्बन्धित जिल्ला अदालतमा फिराद गर्न पाउने र सक्ने नै हुंदा प्रस्तुत मुद्दा सरुवा गर्न पनि मिलेन। साविक मुलुकी ऐन, २०२० मा भएको मुद्दा सरुवा गर्न सकिने व्यवस्थालाई मुलुकी देवानी संहिता वा मुलुकी देवानी कार्यविधि संहिताले निरन्तरता दिएको पनि देखिदैन। अतः प्रस्तुत मुद्दा खारेज नै हुने देखिन आयो।

९. तसर्थः वादी प्रतिवादीको वतन महोत्तरी जिल्ला अन्तर्गतको देखिएको, वादीले विदेशबाट अधिकृत वारिस पठाई काठमाडौं जिल्ला अदालतमा फिराद गरेको पाईएको, प्रतिवादीले प्रतिवाद नै नगरी बसेको पाईएको अवस्था हुंदा मुलुकी देवानी संहिता, २०७४ को दफा ९६ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९ समेतबाट प्रस्तुत मुद्दा हेर्न यस अदालतलाई क्षेत्राधिकार रहेको नपाइदा प्रस्तुत मुद्दा ऐ. दफा ५७ समेतका आधारमा खारेज हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नेगरी प्रस्तुत मुद्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ बमोजिम फैसला गरिदिएँ।

तपसिल

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी खारेज हुने ठहरी फैसला भएकोमा वादीले फिराद दायर गर्दा रु.५००।- अदालती शुल्क राखेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८१ बमोजिम उक्त शुल्क जफत हुने हुँदा अरू केही गरी रहनु परेन----------१
- वादीले फिराद दायर गर्दा राखेको अधिकृत वारेशनामा सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुहोला----------२
- वादीले पेशीको तारेख लिएको र पेशी कै दिन फैसला भएको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०० को उपदफा (४) बमोजिम वादीले फैसला भएको जानकारी पाएको मानिने हुँदा यस फैसलामा चित्त नबुझेमा वादीले फैसला प्रमाणीकरण भएको मितिले ३० दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न सक्ने नै हुँदा पुनरावेदनको म्याद दिनु परेन----------३
- सरोकारवालाले फैसलाको नक्कल माग गरे लाग्ने दस्तुर लिई नक्कल दिनुहोला-----४
- प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण अदालतको सूचना पाटीमा र वेबसाइटमा प्रकाशित गरी दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल अभिलेख शाखामा बुझाई दिनुहोला----------५

(अशोककुमार बस्नेत)
जिल्ला न्यायाधीश

फैसला तयार गर्न सहयोग पुऱ्याउनेः

शाखा अधिकृतः सोफिया कुटु

कम्युटर अपरेटरः बिबेक कुमार सिंह

मुद्दा फाँटः- ५ (पारिवारिक)

इति सम्वत् २०८३ साल साउन महिना २० गते रोज ४ शुभम्----------।

फैसला प्रमाणीकरण मितिः-२०८३।०४।२५ अदालतको छापः-